विजय राज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

११. सहकारी संस्था दर्ता गर्ने अधिकारी तोक्ने ६८ बमोजिम (सहकारी ऐन २०७४)
१२. 'घ' बर्गको निर्माण ब्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को २ र ३ बमोजिम ईजाजतपत्र प्रदान गर्ने र नविकरण गर्ने कार्य ।
१३. कृषि र पशु विकास समिति गठन ।
१४. बिबिध :

**निर्णयहरू :**

१. प्रस्ताव नं. १ उपर छलफल गर्दा यस नगरपालिका क्षेत्रको वडा नं. ३ स्थित कुशादेवी स्वास्थ्य चौकीको जमिमा रहेको जग्गाले आधुनिक पूर्वाधारयुक्त स्वास्थ्य भवन निर्माण गर्न अपुग रहेको भनि सम्बन्धित वडाले सरोकारवालाको उपस्थितिमा स्वास्थ्य चौकीकै जग्गासंग जोडिएका जग्गाहरू उपयुक्त रहेको भनि उक्त ठाउँमा रहेका मध्ये उपयुक्त जग्गा ब्यवस्थापन गर्नका लागि आवश्यक बजेट ब्यवस्थापन गरि पाउन अनुरोध भई आएकोले सो अनुसार आवश्यक जग्गा ब्यवस्थापन गर्न बढीमा रू. २४ लाख कुशादेवी स्वास्थ्य चौकीलाई साझेदारी कार्यक्रमबाट अनुदान सहयोग उपलब्ध गराउन सैद्धान्तिक सहमति दिने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ उपर छलफल गर्दा यस नगरपालिका क्षेत्रको खेलकुद मध्ये प्रमुख पहिचानका रूपमा रहेको फुटवल खेललाई थप प्रबर्द्धन गर्न नगरपालिका मुख्य आयोजक तथा बिश्राम समाज र मानेश्वरी ग्रुप आयोजक रहने गरी पनौती कप फुटबलको आयोजना गर्ने र यस सम्बन्धी संचालन ब्यबस्थापनको सम्पूर्ण जिम्मेवारी आयोजकलाई दिने गरी खेलकुद विकास कार्यक्रमबाट उक्त कार्यका लागि रू. २,५०,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस नगरपालिकाले उपभोक्ता समिति मार्फत हालै निर्माण सुरू गरेको बैकल्पिक सडक पनौती बनेपा खण्ड (पुण्यमाता कोरिडोर) मा पुण्माता खोला तर्फ गेवियनवाल लगाई जग्गा संरक्षण गर्न तत्काल आवश्यक भएकोले हाललाई बैकल्पिक सडक निर्माण शिर्षकबाट रू. २० लाखसम्म गेवियन जालि कार्यालयबाट खरिद गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक वनलाई स्थानीय उपभोक्ताको अधिकतम् हितमा परिचालन गर्न सामुदायिक वनको संजाल ब्यवस्थापन, कार्ययोजना निर्माण, नवीकरण, साधारणसभा, लेखा परिक्षण जस्ता बिषयहरू अद्यावधिक हुँदा सहज हुनेमा कतिपय सामुदायिक वनका तत् सम्बन्धी कार्य हुन बाँकी भएकोले यस्तो काममा आवश्यक सहयोग समन्वय गरी सम्पूर्ण विवरण अद्यावधिक गराई स्थानीय विकास निर्माणमा साझेदार बनाउन सामुदायिक वन सम्बन्धी कार्यक्रम ब.शि. नं. ४०१०१ बाट सामुदायिक वन उपभोक्ता पनौती नगर महासंघ नेपाललाई रू. ८ लाख उपलब्ध गराउने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस नगरपालिका वडा नं. १० निवासी बिजयराज खतिवडा दुर्घटनमा परी कृतिम खुट्टा जडान गर्नुपर्ने भएको भनि सम्बन्धित वडाको सिफारिश सहित निवेदन प्राप्त हुन आएकोले निजलाई उपचार कार्यमा सहयोग पुर्‍याउन रू. ५५,०००।- आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

विजय राज पाडेल
प्रमुख प्रशासकीय अधिकृत

६. प्रस्ताव नं. ६ उपर छलफल गर्दा यस नगरपालिका क्षेत्रको वडा नं. ७ स्थित रेडक्रदेखि रोशी खोलाबाटो तथा ढलको मर्मत कार्यका लागि रू. २ लाख र वडा नं. ४ स्थित बालोद्धार मा.वि. (नयाँ) ढल सिंढि निर्माणका लागि रू. २ लाख छुट्याउने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ उपर छलफल गर्दा यस नगरपालिकाको तेस्रो नगरसभाबाट स्वीकृत कृषि तथा पुश विकास कार्यक्रममा बिनियोजन भएको एकमुष्ट बजेट मध्ये कार्यपालिका बैठकबाट बाँडफाडँ भई बाँकी रहेको रकम रू. १५ लाख मध्येबाट देहाय बमोजिम शिक्षासंग सम्बन्धित विभिन्न शिर्षकमा बजेट बाँडफाँड गर्ने निर्णय गरियो ।

| सिं.नं. | कार्यक्रम | बिनियोजित बजेट |
|---|---|---|
| १ | प्रधानाध्यापक बैठक संचालन खर्च | २७०,०००।- |
| २ | संस्थागत विद्यालय बैठक संचालन | ५०,०००।- |
| ३ | नगर शिक्षा समिति बैठक | १२०,०००।- |
| ४ | परिक्षा समिति बैठक तथा अन्य कार्य | १२०,०००।- |
| ५ | सामाजिक विकास समिति बैठक | १०८,०००।- |
| ६ | वि.व्य.स. अभिमुखिकरण कार्यक्रम | ५०,०००।- |
| ७ | नगरस्तरिय हाजिर जवाफ कार्यक्रम | ५०,०००।- |
| ८ | विद्यालय सुधार योजना र सामाजिक परिक्षण सम्बन्धी कार्यशाला | १३०,०००।- |
| ९ | शैक्षिक कार्यक्रम प्रबोधिकरण | ७०,०००।- |
| १० | बाल विकास सहयोगी कार्यकर्ता अभिमुखिकरण | ५०,०००।- |
| ११ | SEE, कक्षा ८ परिक्षा अनुगमन | २५,०००।- |
| १२ | शैक्षिक सामाग्री प्रदर्शनी कार्यक्रम | २००,०००।- |
| १३ | अतिरिक्त क्रियाकलाप संचालन | १५७,०००।- |
| १४ | दिवस पर्व संचालन | १००,०००।- |
| | अक्षरेपी रू पन्ध्रलाख मात्र | १५,००,०००।- |

बिबिध :

१. नेपाल पर्यटन बोर्डको सभाकक्षमा आयोजना हुने पनौतीको प्राचीन फोटोको फोटो प्रदर्शनी कार्यका लागि दिवश समारोह कार्यक्रमबाट आयोजक संस्था P³ RAM GROUP लाई ५२०००।- सहयोग स्वरूप उपलब्ध गराउने निर्णय गरियो ।

२. आगामी बैठक २०७५ मंसिर १८ गते बस्ने निर्णय गरियो ।